"कृषि पर्यटन र व्यापार, सुरक्षित समृद्ध नगरको आधार"

# चैनपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

चैनपुर, संखुवासभा

स्थापना: २०७३

पत्र संख्या: २०८२/०८३
चलानी नं: 2090

कोशी प्रदेश , नेपाल
मिति: २०८३/०२/०७
ने.स. ११४६ अनलाथ्व ५ बिहीवार

श्री सम्पूर्ण वडा कार्यालयहरू (वडा नं.१ देखि ११),
चैनपुर नगरपालिका, संखुवासभा ।

**विषय: सूचना टाँस सम्बन्धमा ।**

प्रस्तुत विषयमा राष्ट्रिय युवा परिषद्, सानोठिमी, भक्तपुरको प.सं. २०८२/०८३, च.नं. ६६४, मिति २०८२/०२/०५ को पत्र(पाना संख्या १) यसै पत्र साथ संलग्न छ । उक्त पत्र बमोजिमको सूचना ताँहा कार्यालयको सूचना पाटीमा टाँस गरि सोको जानकारी पठाउनु हुन अनुरोध छ ।

ओमकार प्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ:-
श्री सूचना प्रविधि शाखा- उक्त सूचना कार्यालयको वेबसाइट/फेसबुक पेजमा अपलोड गर्नुहुनु ।

**Website:** www.*chainpurmun.gov.np*, **Email:** *info@chainpurmun.gov.np* ☎:029-570270, 9852077111

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
# राष्ट्रिय युवा परिषद्
सानोठिमी, भक्तपुर, नेपाल

प सं: ०८२/८३
च नं: ६६४

मिति: २०८३।०२।०५
ने स ११४६ अनलाथ्व ३, मंगलबार

**विषय:- प्रदेश स्तरीय स्टार्टअप व्यवसाय प्रदर्शनीका लागि आवेदन दिने म्याद थप गरिएको सम्बन्धमा।**

यस परिषद्को आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम युवाबाट उत्पादित सूचना प्रविधि तथा स्टार्टअप व्यवसाय प्रदर्शनी कार्यक्रम सुदुरपश्चिम प्रदेशको धनगढी, कैलाली; लुम्बिनी प्रदेशको बुटवल, रुपन्देही; बागमती प्रदेशको हेटौडा, मकवानपुर र कोशी प्रदेशको विराटनगर, मोरडमा आयोजना हुने प्रदर्शनीका लागि प्रत्येक प्रदेशहरूमा १५/१५ वटा सूचना प्रविधि तथा स्टार्टअप व्यवसायहरू छनौट गरी प्रदर्शनी आयोजना गरिने भएकाले सम्बन्धित प्रदेशभित्र सूचना प्रविधि तथा स्टार्टअप व्यवसाय दर्ता गरी व्यवसाय सञ्चालन गरिरहेका १६ वर्ष पुरा गरी ४० वर्ष ननाघेका (आवेदन दिने अन्तिम दिन सम्म) युवा व्यवसायीहरूले २०८३।०२।१४ गते रातको १२:०० बजेसम्म यस कार्यालयको Website: https://www.nyc.gov.np/ मा भएको Online form Portal system (http://form.nyc.gov.np/) मा आवेदन गर्नुहुन सूचित गरिन्छ।

प्रत्येक प्रदेशमा प्रदर्शनीका लागि छनोट हुने १५/१५ वटा व्यवसायीहरूलाई स्टल व्यवस्थापन वापत प्रति स्टल रु.१० हजार र प्रदर्शनीमा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुने २ वटालाई क्रमश: ४० हजार, ३० हजार, २० हजार र १०/१० हजारका दरले प्रोत्साहन रकम समेत उपलब्ध गराइनेछ।

आवश्यक कागजातहरू:-

१. स्टार्टअप व्यवसाय/उद्यम दर्ता अनुमति पत्र। (Idea stage Startup व्यवसायी भए सम्बन्धित स्थानीय तह वा सोही स्थानीय तह जिल्लाको उद्योग/वाणिज्य संघको सिफारिश पत्र)।
२. स्टार्टअप व्यवसाय/उद्यमीको नेपाली नागरिकताको प्रमाणपत्र।
३. व्यवसाय/उद्यमको कारोबारको अन्तिम तीन महिनाको बैङ्क स्टेटमेन्ट।
४. पछिल्लो तीन वर्षको अडिट रिपोर्ट (सूचना प्रविधिसँग सम्बन्धित भए पछिल्लो एक वर्षको अडिट रिपोर्ट)।
५. आ.व. २०८१/८२ को करचुक्ता प्रमाणपत्र।
६. स्टार्टअप व्यवसाय/उद्यमको बारेमा बढीमा ७ मिनेटको अडियो भिडियो। (तर Idea stage Startup व्यवसायीको हकमा बुँदा नम्बर, २, ३, ४, र ५ को विवरण अनिवार्य नभएको)

नोट:- यस पूर्व युवाबाट उत्पादित सूचना प्रविधि तथा स्टार्टअप व्यवसाय प्रदर्शनीका लागि आवेदन माग भए अनुसार पर्न आएका आवेदनहरूलाई कायमै राखिएको व्यहोरा अनुरोध छ। उपर्युक्त कार्यक्रमहरू हुने मिति र स्थान व्यवसायी छनौटको संक्षिप्त सूची प्रकाशन हुँदा सूचना गरिनेछ। विस्तृत जानकारीका लागि फोन नम्बर ९८४५४७१८५२/९८६३४६५५५६ तथा फर्म भर्दा कुनै समस्या आएमा प्राविधिक सहयोगका लागि ९८४१३२५००९ मा सम्पर्क राख्नुहुन समेत अनुरोध छ।

गेहनाथ गौतम
प्रशासकीय प्रमुख